मिति -२०८२/०२/२५ गते (आइतबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष बैठक संख्या -४६ समय - दिनको - ३-०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्ष तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्र.प्र.अधिकृत | श्री शिवराज चौलागाईं | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |

| | | | | |
|---|---|---|---|---|
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिमं कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नः ०६१-५१७
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेभसाइटः pokharamun.gov.np

पत्र संख्याः ०८१/८२
चलानी नं. ९९०१

मितिः २०८२/०२/२३

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ४६औँ बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) निम्न वमोजिम छन्।

**तपशिलः**
मितिः २०८२ जेठ २५ गते (आइतबार)
समयः दिनको ३:०० बजे
स्थानः पोखरा महानगरपालिकाको सभाकक्ष।

**कार्यसूची(एजेण्डा)**

१. नगर कार्यपालिकाको ४५ औँ बैठकको निर्णय सम्बन्धमा।
२. आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम वक्तव्य सम्बन्धमा।
३. आगामी आर्थिक बर्ष २०८२/०८३ को कार्यक्रम बजेट सम्बन्धमा।
४. शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजनाको परामर्शदाता (DSC) प्रस्ताव सम्बन्धमा।
५. विविध।

..............................
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**
श्रीमान् प्रमुखज्यू/उप-प्रमुखज्यू, पोखरा महानगरपालिका।

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**<u>४६औं कार्यपालिका बैठक (मिति २०८२/०२/२५) का निर्णयहरु:</u>**

**<u>निर्णय नं १</u>**

४५औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**<u>निर्णय नं २</u>**

आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको प्रगति सम्बन्धमा बैठकमा जानकारी प्रस्तुत गरियो ।

**<u>निर्णय नं ३</u>**

क. आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा वडागत रुपमा पठाइएको बजेट सिलिङ अनुसार र महाशाखागत सिलिङ अनुसार तयार गरिएको बजेट तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा देहाय बमोजिमको समय सारिणी निर्धारण गरी छलफल कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरियो ।

| क्र.स | महाशाखा/वडाहरु | छलफल हुने मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | महाशाखाहरु सबै | २०८२/०२/२७ गते | बिहान १० बजेदेखि ५ बजेसम्म | महानगरपालिका सभाहल |
| २ | वडा नं १ देखि वडा नं ११ सम्म | २०८२/०२/२८ गते | बिहान १० बजेदेखि ५ बजेसम्म | |
| ३ | वडा नं १२ देखि वडा नं २२ सम्म | २०८२/०२/२९ गते | बिहान १० बजेदेखि ५ बजेसम्म | |
| ४ | वडा नं २३ देखि वडा नं ३३ सम्म | २०८२/०२/३० गते | बिहान १० बजेदेखि ५ बजेसम्म | |
| ५ | मिति २०८२/०२/३१ गते उपरोक्त बमोजिमको छलफलको समष्टीगत रुप/निचोड तयार गर्ने । | | | |

ख. बजेट, नीति तथा कार्यक्रम छलफल सम्बन्धी अन्य समय सारिणी देहाय अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.स | मिति | कार्य विवरण | समय | स्थान |
|---|---|---|---|---|
| १ | २०८२/०३/०१ देखि ०३ गते सम्म | विषयगत समितिहरुको निरन्तर बैठक | आवश्यकता अनुसार | महानगरपालिका सभाहल |
| २ | मिति २०८२/०३/०४ गते | बजेट तर्जुमा समितिको बैठक , नीति तथा कार्यक्रम र बजेटको संग्रह गर्ने/ अन्तिम रुप दिने । | आवश्यकता अनुसार | |
| ३ | मिति २०८२/०३/०५ गते | कार्यपालिका बैठक बस्ने | | |

**निर्णय नं ४**

नेपाल सरकार र एशियाली विकास बैंक विच १७ जनवरी, २०२४ मा सम्पन्न ऋण सम्झौता अनुसार पोखरा महानगरपालिकामा सहरी उत्थानशील तथा जीवनयापन सुधार आयोजना (Urban Resilience And Livability Improvement Project, URLIP) कार्यान्वयन गर्न परामर्शदाता (Design And Supervision Consultant, DSC) छनौट गर्न सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र दातृ निकाय ADB को Procurement Guideline/Policy का प्रावधान बमोजिम प्रक्रिया अगाडि बढाइएकोमा प्राविधिक प्रस्ताव मूल्याङ्कन प्रतिवेदन (Technical Evaluation Report) र आर्थिक प्रस्ताव मूल्याङ्कन प्रतिवेदन (Financial Evaluation Report) उपर ADB बाट No Objection Letter प्राप्त गरी सार्वजनिक खरिद ऐनको दफा ३५ बमोजिम प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको संयूक्त मूल्याङ्कनबाट सबैभन्दा बढी अंक प्राप्त गरेको परामर्शदाता (Qualified Consultant) सँग ऐनको दफा ३७ बमोजिम वार्ता गरी आशयको सूचना प्रकाशन गरिएकोमा सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र सार्वजनिक खरिद ऐन, २०६३(संशोधन सहित) को दफा ४७ को व्यवस्था बमोजिम कुनै प्रस्तावदाताले निवेदन नगरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८१ क. मा रहेको व्यवस्था बमोजिम परामर्शदाता श्री BN Consultancy P. Ltd. Nepal (Lead) in JV with Building Design Authority P. Ltd. and Udaya Consultancy P. Ltd. को रु. १६,६७,१२,५६०.०० (सोह्र करोड सत्सठ्ठी लाख बाह्र हजार पाँच सय साठी रुपैया मात्र, VAT बाहेक) को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। साथै सार्वजनिक खरिद ऐनको दफा ३८ को उपदफा ३ बमोजिम १५ (पन्ध्र) दिनको अवधि दिई प्रस्तावदातालाई खरिद सम्झौता गर्न आउने सूचना दिने र ऐनको व्यवस्था बमोजिम सम्झौता गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने समेत निर्णय गरियो।

**निर्णय नं ५**

नेपाली महावाणिज्य दुतावास ल्हासाको मिति २०८२/०२/१६ (30th May 2025) च.न. १५६ को पत्रानुसार चीन सरकारबाट प्राप्त निमन्त्रणा बमोजिम नेपाल-चीन वीचको कुटनीतिक सम्बन्ध स्थापनाको ७०औँ बर्षगाँठ मनाउने उद्देश्यले सन् २०२५ जुन महिनाको २३ देखि २५ तारिखसम्म ल्हासामा आयोजना हुने नेपाल-चीनको तिब्बत वीच Sister Cities Cooperation And Exchange Meeting मा भाग लिन यस महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्य र उप सचिव (दशौँ तह) श्री हेम प्रसाद आचार्यलाई मनोनयन गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

चीन सरकारको लिन्जी सहर (Linzhi City) मा सन् २०२५ को जुन १२ देखि १६ सम्म आयोजना हुने 2025 China-Nepal Plateau Dragon Boat Friendship Race मा भाग लिन यस महानगरपालिकाका पर्यटन तथा शहरी विकास महाशाखा प्रमुख सि.डि.ई. श्री विमल रन्जन कार्कीले प्रतिनिधिमण्डलको नेतृत्व गर्ने र व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख (Dragon Boat Race Focal Person) श्री नवराज अधिकारीले समन्वय गर्ने गरी खेलाडी र अफिसियल जम्मा २५ जनाको प्रतिनिधिमण्डल कार्यक्रममा भाग लिन पठाउने निर्णय गरियो। उक्त कार्यक्रममा सहभागी हुने खेलाडी र अफिसियल मध्ये २० जनाको पोखराबाट चीनको तिब्बतको तातोपानी नाकासम्म लाग्ने खाजा/खाना, बास र आतेजाते यातायात खर्च व्यहोर्ने समेत निर्णय गरियो।

**निर्णय नं ७**

चीन सरकारको Sichuan प्रान्तको Luzhou शहरमा सन् २०२५ को जुन ७ देखि २२ सम्म आयोजना हुने Chinese+ TCM Training Activities मा भाग लिन यस महानगरपालिकाका आयूर्वेद शाखामा कार्यरत कविराज निरीक्षक(अधिकृत छैटौं) श्री प्रदिप क्षेत्रीलाई मनोनयन गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ८**

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८१।०५।११ मा भएको सम्झौता Procurement and Supply of Skid Steer with Sweeper Collector and Attachment, PMC (Contract ID: 122/PMC/NCB/G/080/81) बमोजिम सडक सरसफाई प्रयोजनका लागि आपूर्ति भएको Sweeper (लोडर) नं ग १ ग ३१३, महानगरको नाममा दर्ता नामसारी भएकोमा दाखिला गर्नुपूर्व सम्झौतामा उल्लेखित शर्त र Specification बमोजिम भए/नभएको सम्बन्धमा परीक्षण (चेक जाँच) गरी पेश भएको प्रतिवेदनमा शर्त र Specification अनुरुप नभएको देखिएको हुँदा सो सम्बन्धमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ (गण्डकी प्रदेश) को दफा ४५ बमोजिम छानबिन गर्न कार्यालयको मिति २०८२/०२/१८ को निर्णयानुसार गठन भएको छानबिन समितिले मिति २०८२/०२/२३ मा पेश गरेको छानबिन प्रतिवेदनमा समेत शर्त र Specification अनुरुप नभएको व्यहोरा आएको हुँदा सो प्रतिवेदन अनुमोदन गरी नियमानुसार दर्ता नामसारी खारेजीको लागि यातायात व्यवस्था कार्यालय, पोखरामा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं ९**

सिंगापुर सरकारको Minister For National Development, Minister-In-Charge Of Social Service Integration, Singapore को आयोजनामा सन् २०२५ जुलाई २ देखि ४ तारिख सम्म अष्ट्रियाको राजधानी भियानामा आयोजना हुने १४ औं मेयर्स फोरम (14th Mayors Forum of The World Cities Summit, 2025) मा महानगर प्रमुखलाई सहभागी हुन प्राप्त निमन्त्रणा महानगरपालिकालाई आर्थिक दायित्व नपर्ने गरी स्वीकार गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजनाहरुमा विनियोजित बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर तथा नयाँ योजनामा बजेट व्यवस्था गर्नका लागि वडा कार्यालयहरु र महाशाखाहरुबाट पेश हुन आएका आयोजना तथा कार्यक्रमहरुको बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर तथा नयाँ योजनामा बजेट व्यवस्था गर्ने सम्बन्धमा नगरसभाबाट नगर प्रमुखलाई जिम्मेवारी प्रदान भएबमोजिम तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरुमा बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर/बजेट व्यवस्था स्वीकृत गर्ने निर्णय गरियो। बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर/बजेट व्यवस्था गरिने आयोजना/कार्यक्रमहरुको विवरण **अनुसुची १** मा उल्लेख गरिएको छ।

**निर्णय नं ११**

पोखरा महानगरपालिकाको चालु आ.व. २०८१/८२ को बार्षिक विकास कार्यक्रममा वडा नं १६, २२ र २४ मा निर्माण हुने सडक पुलहरु प्रत्येकको लागि रु ५० लाखका दरले बजेट विनियोजन भएकोमा उक्त पुल निर्माण आयोजनाहरु १ बर्षमा सम्पन्न गर्न नसकिने प्रकृतिको भएको र पूर्वाधार विकास महाशाखाबाट बहुबर्षीय आयोजनामा समावेश गरिदिन सिफारिस भएको हुँदा पेश भएका ३ वटै पुल आयोजनाहरुको लागि तपशिल बमोजिम लागत अनुमान रकम विनियोजन गरी बहुबर्षिय योजनामा समावेश गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

| क्र.स | सडकपुलको नाम | आ.व. २०८१/८२ को विनियोजित रकम (रु हजारमा) | लागत अनुमान (रु हजारमा) |
|---|---|---|---|
| १ | लौरुक खोला मोटरेबल पुल, पोखरा-२४ | ५००० | ३७१०० |
| २ | ढाडघट्ट शोलीदह पुल, पोखरा-२२ | ५००० | ६१४७९ |
| ३ | घार्मीखोला मोटरेबल पुल, पोखरा-१६ | ५००० | २६००० |

अनुसूची -१

| आ.व २०८१/०८२ रकमान्तर | | | | |
|---|---|---|---|---|
| घटाउने रकम | | | | |
| क्र.स | खर्च शिर्षक | कार्यक्रम/आयोजनाको नाम | रकम | कैफियत |
| १ | २२४११ | शहरी योजना आयोगका पदाधिकारी पारिश्रमिक सुविधा | २९००००० | |
| २ | २२४१३ | करार सेवा शुल्क | ४०००००० | |
| ३ | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | १०००००० | |
| ४ | २७३१२ | उपदान | २०००००००| |
| ५ | २८२१९ | अन्य फिर्ता | ३५००००० | |
| ६ | २२५१२ | जनप्रतिनिधि क्षमता विकास | ५००००० | |
| ७ | २२५२२ | जग्गा पुन नापी हाल साविक भूमी आगसँग सहकार्य | २५००००० | |
| ८ | २२५२२ | मैत्रीपूर्ण खेलकुद कार्यक्रम | ३००००० | |
| ९ | २२५२२ | बेरुजु फर्छौट कार्यान्वयन | ५००००० | |
| १० | २२५२२ | स्मारिका प्रकाशन | ७००००० | न.का खर्च केन्द्र |
| ११ | २२५२९ | उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम | ६००००० | |
| १२ | २२५२२ | करदाता सम्मान कार्यक्रम व्यक्ति/ संस्था | २००००० | |
| १३ | २२५२२ | पोखरेली नवरत्न कार्यक्रम | ६५०००० | |
| १४ | २२५२२ | फोटो प्रदशनि कार्यक्रम | २००००० | |
| १५ | २२५२२ | अतिथि सत्कार स्वदेशी /विदेशी | ५००००० | |
| १६ | २२५२९ | मुल समारोह समिति गठन र २०८१/०९/०२ को कार्यक्रम सञ्चालन प्रतिभा फेरी मञ्च व्यवस्थापन र कार्यक्रम सञ्चालन र खाजा समेत | ५००००० | |
| १७ | ३११२२ | सञ्चार सेट walkie-talkie खरिद | १३८६४१० | |
| १८ | २२५२९ | गरिबिको रेखामुनी रहेका परिवारलाई न्यूनतम पानि विजुली महशुलमा छुट | ३०००००० | |
| १९ | २२५२९ | गरिविको रेखा मुनी रहेका परिवारलाई स्वास्थ्य विमा कार्यक्रम | ५७४०००० | |
| २० | २२५२९ | पर्यटन व्यवसायमा महिला साहसिक खेल पर्यटन प्रवर्द्धन | २००००० | सामाजिक विकास महाशाखा |
| २१ | २२५२९ | महिला विकास सहकारी संस्थाहरुकोलागि सफ्टवेयर ईन्ट्री तथा नेतृत्व विकास कार्यक्रम | ६००००० | |
| २२ | २२५२९ | सामाजिक र वातावरणीय अन्तरसम्बन्धका विषयमा विद्यार्थी संग छलफल कार्यक्रम वनविज्ञान अध्धयन संस्थान | १००००० | |
| | | जम्मा | ४९५७६४१० | |

अनुसूची - ९

२०८१/०८२ रकमान्तर

बढाउने

| क्र.स | योजनाको विवरण | खर्च शिर्षक नं | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरस्वती टिका मा.वि | ३११६१ | ३३ | ७००००० | |
| २ | विष्णुपादुका क्लव खेल मैदानमा सौचालय निर्माण | ३११५९ | २५ | ५००००० | |
| ३ | विष्णुपादुका मा.वि बास्केटबल कोर्ट | ३११५९ | २५ | ५००००० | |
| ४ | ढावा गाँउ बौद्ध गुम्वा निर्माण | ३११६१ | २२ | १५००००० | |
| ५ | काउसे खोला आपु कस्यारी लिफ्टिङ खानेपानी सरसफाई तथा सिंचाईको ३ हर्ष पावरको १ थान पानी तान्ने मोटर उपलव्ध | ३११२२ | ३३ | १००००० | |
| ६ | वडा २१ सभा हल पार्किङ ट्रस निर्माण र रंगरोगन | ३११५९ | २१ | १०००००० | |
| ७ | वडा नं १३ दुईकुलोको मुहानबाट वडा नं २६ साघुको मुखमा रहेको स्थानियको सिचाईका लागि विजयपुर खोलामा फलामको लट्टा निर्माण | ३११५१ | २६ | ७००००० | |
| ८ | जनचेतना मा.वि भवन रगरोगन | ३११५९ | २१ | ५००००० | |
| ९ | पुष्करिणी परोपकार गोकुलधाम बोरिङ पानी उत्खनन योजना | ३११५६ | १४ | २५००००० | |
| १० | मालपोत कार्यालयको Ground मा Block विछ्याउने तथा कार्यालयको शौचालय मर्मत | ३११६१ | पूर्वाधार विकास | १०००००० | |
| ११ | जिल्ला प्रशासन कार्यालय सवारी साधन मर्मत तथा मेशिनरी औजार मर्मत | | न.का | १५००००० | |
| १२ | गहिरागाउ समिको वोट देखी ढाडा चौरसम्म सडक स्तरोन्नति | ३११५१ | ३३ | ५००००० | |
| १३ | मधुको खोल्सा बाटो मर्मत | ३११५१ | १६ | १०००००० | |
| १४ | शुभमार्ग पोखरी टोल बाटो ढलान | ३११५१ | १४ | ४००००० | |
| १५ | पोखरा भ्रमण वर्ष २०२५ | २२५२२ | पर्यटन तथा शहरी विकास | | |
| | क. विश्व वातावरण दिवसमा हाकिङ | २२५२२ | पर्यटन तथा शहरी विकास | २००००० | |
| १६ | भरतपोखरी कृष्ती निर्मलपोखरी सहलगानी खानेपानी आयोजना उपभोक्ता संस्था पोखरा २१/३३ विद्युत महसुल | | पुर्वाधार विकास | ११००००० | |
| १७ | गोगन मा वि | २६४१२ | शिक्षा | ९५६७०० | |
| १८ | गोगन मा.वि | २६४१२ | शिक्षा | २५००००० | |
| १९ | कालिका आ वि | २६४१२ | शिक्षा | १०००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | गुरुकुल संस्कृत आ वि | २६४१२ | शिक्षा | ५००००० | |
| २१ | हिमालय आ वि | २६४१२ | शिक्षा | ५००००० | |
| २२ | कालिका मन्दिर | २६४१२ | ३२ | २०००००० | |
| २३ | हिमालयन स्ट्रिम/एक्सट्रिम ट्रायलथन प्रतियोगिता | २२५२२ | पर्यटन तथा शहरी विकास | ३००००० | |
| २४ | लायन्स कप अन्तराष्ट्रिय भलिवल ईनभिटेस्नल कप प्रतियोगिता | २२५२२ | शिक्षा | ५००००० | |
| २५ | आहा रारा गोल्डकप प्रतियोगिता | २२५२२ | शिक्षा | १०००००० | |
| २६ | विपद व्यवस्थापन | २२५२२ | न.का | ४२००००० | |
| २७ | अन्य भत्ता | २११३९ | न.का.का | १०००००० | |
| २८ | महानगरपालिका महाशाखा अन्तर्गत इन्टरनेट सेवा शुल्क सञ्चालन तथा व्यवस्थापन | २२४१२ | न.का.का | १५००००० | |
| २९ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २२४१२ | न.का.का | ५००००० | |
| ३० | वडा नं ९ र ७ को सिमानामा सडक स्तोरन्नति | ३११५१ | पूर्वाधार | ६००००० | |
| ३१ | विद्युत पोल स्थानान्तरण | ३११५३ | शहरी विकास | १०००००० | |
| | जम्मा | | | ३१७५६७०० | |

## आ.व २०८१/०८२ वडागत कार्यक्रम संशोधन/रकमान्तर

| क्र.स | शिर्षक | वडा | विनियोजित रकम | थप हुने रकम | घट रकम | रकमान्तर पछिको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गंगाधरको घर देखी प्रभा वरालको घर सम्म बाटो ढलान | ७ | ५०० | ० | ५०० | ० | |
| | १. गंगाधरको घर देखी प्रभा वरालको घर सम्म बाटोमा पेपर ब्लक सहित बाटो निर्माण | ७ | ० | ५०० | ० | ५०० | |
| २ | क्षति न्यूनीकरण मर्मत पुन:स्थापना सम्भार तथा तत्काल राहत | ८ | ५०० | ० | ३०० | २०० | |
| ३ | विभिन्न स्थानमा खानेपानि लाईन विस्तार | ८ | ३७५ | ० | २०० | १७५ | |
| | १.जनप्रिय मा.वि सभाहल फर्निचर खरिद | ८ | ० | ५०० | ० | ५०० | |
| ४ | नमुना टोल विकास कार्यक्रम | ८ | २०० | ० | २०० | ० | |
| | १.श्री राम आधारभुत विद्यालय फर्निचर खरिद भवन मर्मत | ८ | ० | २०० | ० | २०० | |
| ५ | शान्ति मार्ग निर्माण योजना | १६ | ४०० | ० | ४०० | ० | |
| | १. मद्यमपथ नाला तथा स्ल्याप | १६ | ० | ३०० | ० | ३०० | |
| | २. घर्मी खोला सडक मर्मत | १६ | ० | १०० | ० | १०० | |
| ६ | जनजागरण मार्ग खानेपानी | १७ | ५०० | ० | ५०० | ० | |
| | १.शहरी स्वास्थ्य केन्द्र पोखरा-१७ कम्पाउण्ड वाल तथा गेट निर्माण | १७ | ० | ५०० | ० | ५०० | |
| ७ | माधव प्रसाद पौडेल स्मृति मार्ग स्तरोन्नति | २० | १००० | ० | १००० | ० | |
| | १.महेन्द्र मा.वि अगाडि सडक स्तरोन्नति | २० | ० | १००० | ० | १००० | |
| ८ | भैरव अर्याल प्रतिमा तथा पार्क निर्माण | २६ | ७०० | ० | ५०० | २०० | |
| | १. नेपाली बारिबाँकी सडक खण्ड स्तरोन्नति | | ० | ५०० | ० | ५०० | |
| ९ | अदुवावारी शिव मन्दिर ट्रस निर्माण | ३१ | १०० | ० | १०० | ० | |
| १० | दोपरे महाविर चतुरे घर हुदै मुल सिढी | ३१ | २०० | ० | २०० | ० | |
| ११ | गामपानि पधेरो बाटी रेलिङ | ३१ | १०० | ० | १०० | ० | |
| १२ | चिप्लेकोट सिढी बाटो | ३१ | १०० | ० | १०० | ० | |
| १३ | स्यानीचौतारा कोदेखोला सडक स्तरोन्नती | ३१ | २०० | ० | २०० | ० | |
| १४ | कडेलटुडा ओगडाडा सडक | ३१ | ४०० | ० | ४०० | ० | |
| १५ | चौरखेत कुलो निर्माण | ३१ | २०० | ० | २०० | ० | |
| १६ | फलेपानी प्रतिक्षालय | ३१ | १५० | ० | १५० | ० | |
| १७ | बाह्रमाने चौतारी | ३१ | १५० | ० | १५० | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | सामाखोरीया सातदोबाटो | ३१ | २५० | ० | २५० | ० | |
| | १. बेगनासताल बराह क्षेत्र पर्यटन पुर्वाधार निर्माण | ३१ | ० | १८५० | ० | १८५० | |
| १९ | पुडीखोला चवादी कल्वर्ट निर्माण | ३३ | ३००० | ० | ३००० | ० | |
| | १.वरपौवा सडक स्तरोन्नती | ३३ | ० | ३००० | ० | ३००० | |
| २० | फिर्के खोलामा चेक ड्याम, वडा नं ७ | ७ | ५०० | ० | ५०० | ० | |
| | रत्न चोकमा प्रतिक्षालय | ७ | ५०० | ० | ५०० | ० | |
| | १. घारिपाटन प्रगतिनगरमा गटर सहित फुटपाथ, वडा नं ७ | ७ | ० | १००० | ० | १००० | |
| २१ | बिपन्न नागरिकहरुको स्वास्थ्य बीमा कार्यक्रम | सामाजिक विकास | १३२०० | ० | ८०० | १२४०० | |
| | १. अस्थायी ल्याण्डफिल साइट प्राभावितहरुको स्वास्थ्य बीमा कार्यक्रम | पर्यटन तथा शहरी विकास | ० | ८०० | ० | ८०० | |
| २२ | वडाभरिका सडकमा सडक बत्ती जडान | २६ | ९९० | ० | ९९० | ० | |
| | १. वडा नं २६ का तालहरुमा फूटट्र्याक तथा सिँढी निर्माण योजना | २६ | ० | ९९० | ० | ९९० | |
| २३ | वडा २१ सभा हलमा पार्किङ ट्रस निर्माण र रंगरोगन | २१ | २००० | ० | २००० | ० | |
| | १. वडा कार्यालय भवन माथि ट्रष्ट हल निर्माण | २१ | ० | १००० | ० | १००० | |
| | २. वडा कार्यालय भित्र पार्किङ, तारबार तथा कम्पाउण्डिङ | २१ | ० | १००० | ० | १००० | |
| २४ | संगम पार्क कुलो बाटो मर्मत | २ | १००० | ० | १००० | ० | |
| | १. नेवा छेँ मर्मत तथा स्तरोन्नति | २ | ० | १००० | ० | १००० | |
| २५ | रामचोक सानो पाटन बाटो तथा नाला डिलबारी नाला निर्माण | ३५ | ५०० | ० | १९० | ३१० | |
| | १. रामचोक सार्वजनिक सौचालय | ३५ | ० | १९० | ० | १९० | |
| २६ | काहुकोट देउराली मन्दिर मर्मत सम्भार | ११ | ४०० | ० | ४०० | ० | |
| | १. काहुँकोट देउराली मन्दिर जाने बाटो स्तरोन्नती | ११ | ० | ४०० | ० | ४०० | |
| २७ | वडा नं १८ बाट वडा नं २ मा आउने भलबाढी नियन्त्रण | २ | २५०० | ० | २५०० | ० | |
| | वडा भित्रका सडक, नाला, कुलो भवन स्तरोन्नति | २ | ० | २५०० | ० | २५०० | |
| २८ | चापापानी मार्ग सडक स्तरोन्नति | १२ | १५०० | ० | ३०० | १२०० | |
| | १. वडा कार्यालयमा पार्क तथा सौन्दर्यकरण | १२ | ० | ३०० | ० | ३०० | |

आ.व २०८१/०८२ महाशाखागत कार्यक्रम संशोधन/रकमान्तर

| क्र.स | शिर्षक | वडा/महाशाखा | विनियोजित रकम | थप हुने रकम | घट रकम | रकमान्तर पछिको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शितलादेवी देखी भेटनेरी चोक सम्म सडक स्तरोन्नती | १२ | २२०० | ० | ० | २२०० | महानगरपालिका खर्च केन्द्रबाट वडा खर्च केन्द्रमा पठाउने |
| २ | गिरिजा प्रसाद कोइराला फाउन्डेसन गण्डकी प्रदेश ई लाईब्रेरी | पर्यटन तथा शहरी विकास | १५०० | ० | १५०० | ० | ३११५१ लाई ३११२२ मा संशोधन (खर्च शिर्षक संशोधन) |
| | १. गिरिजा प्रसाद कोइराला फाउन्डेसन गण्डकी प्रदेश ई लाईब्रेरीको लागि उपकरण/मेशिनरी औजार खरिद | पर्यटन तथा शहरी विकास | ० | १५०० | ० | १५०० | |